# घ्याङलेख गाउँपालिका

སྒྱང་ལེབ་ གཞུང་པ་ལི་ཀ།

## गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या: २०८२।०८३(भूमि प्रशासन शाखा)

चलानी नम्बर:

हायुटार, सिन्धुली

मिति: २०८३।०३।०३


### भू-उपयोग क्षेत्र वर्गीकरण तथा कित्तागत विवरण सम्बन्धी १५ दिने सूचना।

(सूचना प्रकाशित मिति २०८३।०३।०३)

यस गाउँपालिकाको भू-उपयोग ऐन २०७५ बमोजिम घ्याङलेख गाउँपालिकाको क्षेत्र वर्गिकरण सम्बन्धि मापदण्ड तथा आधारहरु २०८० स्वीकृत गरी घ्याङलेख गाउँपालिकाका भित्रको कित्तागत रुपमा भू-उपयोग नक्सा तथा भू-उपयोग क्षेत्र वर्गीकरण कार्य सम्पन्न गरेको व्यहोरा सबै सरोकारवालाहरुलाई जानकारीको लागी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। आफ्नो स्वामित्व वा हकभोगमा रहेको जग्गाको वर्तमान अवस्थामा उपभोग भईरहेको फरक किसिमले वर्गीकरण भएको वा गाउँपालिकाबाट पारित भएको आधार मापदण्ड विपरित वर्गीकरण भएको वा कुनै कित्ता छुटेको वा सो बाहेक अन्य किसिमको हुनुपर्ने उचित कारण सहित अनुसुचि ४ को ढाँचामा यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र सम्बन्धित जग्गाधनी प्रमाणपुर्जा, नागरिकता संस्था वा सरोकारवालाहरुको नागरिकताको प्रमाण/संस्था दर्ताको प्रमाणपत्रको छाँयाप्रति नक्सा/ट्रेस, भूउपयोग क्षेत्र वर्गीकरण भएको व्यहोरा खुल्ने कागजातको छाँयाप्रति समेत संलग्न राखी लिखित रुपमा यस गाउँपालिकाको कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

<u>नोटः</u>

१) घ्याङलेख गाउपालिकाका कृषि क्षेत्रमा वर्गीकरणको कित्तागत विवरण सम्बन्धी विस्तृत विवरण कार्यालयको वेभसाइट www.ghyanglekhmun.gov.np मा तथा सम्बन्धीत वडा कार्यालयमा हेर्न सकिन्छ। थप जानकारीको लागिः ९८५११३२४०७, ९८४४२५२४०७ मा सम्पर्क गर्न सक्नु हुनेछ।

२) **भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका२०८१, को अनुसूची-४ बमोजिमको कागजातहरु निवेदन पेश गर्नुपर्नेः**

क. जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि

ख. भू-उपयोग क्षेत्रमा बर्गीकरण भएको व्यहोरा खुल्ने कागजातको प्रतिलिपि

ग. जग्गाधनीको कित्ता नम्बर देखिने नापी कार्यालय सिन्धुली प्रमाणित गरिएको नक्सा

घ. सम्बन्धी जग्गाधनीको सम्पर्क नम्बर।

०३/०३

दाताराम प्याकुरेल

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची -४

(दफा ३१ को उपदफा (१)सँग सम्बन्धित )

भूउपयोग क्षेत्र परिवर्तन निवेदनको ढाँचा

श्रीमान्.............

.................. स्थानीय भूउपयोग परिषद्।

विषयः भूउपयोग क्षेत्र परिवर्तन गरी पाऊँ।

महोदय,

मेरो/हाम्रो हक भोगमा रहेको ................................ न.पा./गा.पा.............वडा नं. मा रहेको कित्ता नं. ............. को जग्गा मिति .....................मा सूचना प्रकाशन हुँदा ............................क्षेत्रमा बर्गीकृत भएकोमा ............................ कारणले ..................... क्षेत्रमा परिवर्तन गर्न आवश्यक भएकाले आवश्यक प्रमाण तथा काजगात सहित परिवर्तन गरी पाउन यो निवेदन पेश गरेको छु।

| क्र.स. | नक्सा सिटनम्वर / वडा नम्वर / कित्तानम्वर | हाल बर्गीकरण भएको क्षेत्र | बर्गीकरण हुनु पर्ने क्षेत्र |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

निवेदकः

दस्तखतः

नामः

संस्था भए दर्ता प्रमाणपत्र नं. :

व्यक्ति भए नागरिकता प्रमाणपत्र नं.:

ठेगाना :

संलग्न कागजातः

(क) नागरिकताको प्रमाणपत्र / संस्था दर्ता प्रमाणपत्रको छायाप्रति।

(ख) भूउपयोग क्षेत्रमा बर्गीकरण भएको व्यहोरा खुल्ने कागजातको छायाप्रति।

(ग) जग्गाधनी दर्ता प्रमाण पूर्जा।

(घ) नक्सा / ट्रेश नक्सा।